# स्थानीय राजपत्र

## पाटन नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाटन, बैतडी

सुदूरपश्चिम प्रदेश, नेपाल

# अल्पकालीन सुरक्षित आवास गृह संचालन कार्यविधि , २०७९


**भाग २ , बर्ष ७ , अंक २**

**कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/१२/२९**

**प्रकाशन मिति : २०८० जेठ १० गते बुधबार**

# अल्पकालीन सुरक्षित आवास गृह संचालन कार्यविधि , २०७९

**प्रस्तावना:** लैङ्गिक हिंसा विशेष गरी लैङ्गिकताको आधरमा विभाजन गरिएको भूमिका तथा जिम्मेवारी र असमान शक्ति सम्बन्धको कारणले हुने गरेको छ । नेपालले लैङ्गिक हिंसा अन्त्यको लागी विभिन्न अन्तराष्ट्रिय तथा राष्ट्रिय महासन्धीहरुमा हस्ताक्षर गरेको छ । लैङ्गिक हिंसा एक मानव अधिकार उल्लङ्घन, व्यक्तिगत तथा जनस्वास्थ्यको लागी चुनौती साथै सामाजिक, आर्थिक तथा राजनितिक सहभागीताको लागी अवरोध हो । हिंसा बिरुद्द शुन्य सहनशीलताको नीति अबलम्बन गर्न बैतडी जिल्लामा हिंसाबाट प्रभावित महिला तथा बालबालिकाको उद्धार, संरक्षण, स्वास्थ्य उपचार,मनोसामाजिक परामर्श, कानूनी सेवा एवम् पारिवारिक तथा सामाजिक पुनर्स्थापना लगायतका कार्य गर्नका लागि आवश्यक प्रकृया निर्धारण गरी अल्पकालिन आवास गृह सञ्चालन गर्न वाञ्छनिय भएकाले, पाटन नगरपालिका बैतडीले यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम “अल्पकालिन सुरक्षित आवास गृह” सञ्चालन कार्यविधि,२०७९" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिका निर्णयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा:**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “आवास गृह” भन्नाले दफा ५ बमोजिम स्थापना तथा संचालन भएका हिंसा प्रभावित महिला तथा बालबालिकाहरुका लागि सञ्चालित अल्पकालिन आवास गृहलाई सम्झनु पर्छ ।

(ख) “कार्यालय” भन्नाले पाटन नगरपालिका को कार्यालयलाई सम्झनु पर्छ ।

(ग) “सम्प्रेषक” भन्नाले यस कार्यविधि बमोजिम हिंसाबाट प्रभावित महिला तथा बालवालिकालाई उद्धार, संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श, कानूनी सेवा एवम् पारिवारिक तथा सामाजिक पुनर्स्थापना लगायतका कार्य गर्नका लागि आवास गृहमा प्रेषण गर्ने निकाय वा व्यक्ति सम्झनु पर्छ ।

(घ) "घरेलु हिंसा" भन्नाले घरेलु हिंसा, कसुर र सजाय ऐन २०६६ अन्तर्गतको घरेलु सम्बन्ध भित्र शरीरिक,मानसिक, यौनजन्य वा आर्थिक यातनालाई सम्झनु पर्छ ।

(ङ) "लैङ्गिक हिंसा" भन्नाले सार्वजनिक वा निजी जीवनमा लिङ्गको आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षती वा पिडा पुर्याउने कार्य सम्झनु पर्छ ।

(च) “समन्वय तथा निर्देशन समिति” भन्नाले यस कार्यविधि दफा ११ बमोजिमको गठित समितिलाई

सम्झनु पर्छ ।

(छ) " संचालन तथा ब्यवस्थापन समिति" भन्नाले पालिकाको कार्यविधि दफा १३ बमोजिमको गठित समितिलाई सम्झनु पर्छ ।

(ज) "प्रभावित" भन्नाले हिंसाबाट प्रत्यक्ष रुपमा पीडामा परेका र हिंसाबाट प्रभावित भएका महिला तथा वालवालिका सम्झनु पर्छ ।

(झ) "स्थानीय सेवा प्रदायक" भन्नाले अल्पकालिन सुरक्षित आवास गृह संचालन गर्न प्रस्ताव गरी छनौट भएको संस्थालाई बुझ्नु पर्दछ ।

**३.आवास गृहको उद्देश्य:**

यस कार्य विधि बमोजिम स्थापना हुने आवास गृहको उद्देश्यहरु देहाय बमोजिम हुनेछनः

क) हिंसाबाट प्रभावित महिला तथा बालबालिकाको उद्धार, संरक्षण , स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श, कानूनी सेवा एवम् पारिवारिक तथा सामाजिक पुनर्स्थापना लगायतका कार्य गर्ने ।

ख) हिंसा सम्बन्धि घट्नाहरुलाई न्यायिक प्रकृयामा लैजान पहल गर्ने र लैंगिक हिंसा बिरुद्ध सामाजिक जागरण र सचेतना अभिबृद्धी गर्ने।

**स्पष्टिकरण:** प्रभावित बालकलाई आवास गृहमा राख्दा उक्त केन्द्रमा आश्रित महिला तथा बालिकाहरुलाई जोखिम हुन सक्ने अवस्थामा उक्त प्रभावित बालकलाई छुट्टै कोठामा राखी विशेष सावधानी तथा सुरक्षा सतर्कता अपनाउनु पर्नेछ ।

**५. आवास गृहको स्थापना, सञ्चालन तथा कार्यक्षेत्र:**

(१) पाटन नगरपालिकाले दफा ३ को उद्देश्य पुर्ति गर्नका लागि एउटा आवास गृह स्थापना तथा सञ्चालन गर्नेछ ।

यस कार्यविधि बमोजिम स्थापना तथा सञ्चालन हुने आवास गृहलाई सम्बन्धित जिल्लाका स्थानिय तहले आर्थिक अनुदान दिन सक्नेछन ।आवास गृहको सेवा प्रवाहको अवस्था सन्तोषजनक भएमा समितिको निर्णयानुसार कार्यालयले उक्त आवास गृह सञ्चालक संस्थासंग पछिल्लो अर्थिक वर्षमा समेत सेवा लागी सम्झैता नविकरण गर्न सक्नेछ।

हिंसाबाट प्रभावित महिला तथा बालबालिकाहरुका लागि दफा ९ र १० बमोजिमको खानेबस्ने व्यवस्था भएको आवास गृह संन्चालन गर्नुपर्नेछ । आवास गृह सञ्चालन गर्दा लागेको यथार्थ खर्च समितिबाट अनुमोदन गर्नुपर्नेछ । उपदफा (१) बमोजिमको आवश गृहमा संरक्षित महिला तथा बालबालिकालाई निजको अवस्था अनुसार देहायका सेवा सुविधा प्रदान गर्नुपर्नेछ ।

(क) शारीरिक चोटपटकको औषधोपचार,

पाटन नगरपालि
नगर कार्यपालिकाको कार्यालय
पाटन,बैतडी
सुदूरपश्चिम प्रदेश,नेपाल

(ख) मनोसामाजिक परामर्श,

(ग) न्यायमा पहुँच दिलाउन आवश्यक कानूनी परामर्श एवं सेवा,

(घ) कानून कार्यान्वयन गर्ने निकायहरुसँग समन्वय तथा सम्पर्क सेवा,

(ङ) जिल्ला अस्पताल वा एकद्वार संकट व्यवस्थापन केन्द्र बाट प्राप्त अन्य सेवा,

(च) 'संचालक तथा व्यस्थापन' समितिले तोकेका अन्य सेवा ।

**७. सेवा लिने प्रक्रिया:**

लैंगिक हिंसाबाट प्रभावित महिला तथा बालबालिकाहरुलाई आवास गृहले सेवा प्रवाह गर्दा देहायका प्रकियाहरु अपनाउनुपर्नेछः-

(क) अनुसूची -१ बमोजिमको ढाँचामा प्रभावितको निवेदन संकलन गर्ने । यदि प्रभावित व्यक्तिले निवेदन लेख्न नसक्ने भएमा आवास गृहका कर्मचारीले निवेदन लेखिदिनु पर्नेछ ।

(ख) निवेदनसाथ आवास गृहको कार्य क्षेत्र भित्रका स्थानिय तह, प्रहरी कार्यालय, अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC), समुदयस्तरीय मनोसामाजिक कार्यकर्ताको (CPSW) प्रेषण वा अन्य आधिकारिक निकायको पत्र संलग्न राख्नुपर्नेछ ।

(ग) सम्प्रेषकको तर्फबाट आवास गृहमा प्रभावित व्यक्तिलाई पठाउदा कुन कुन सेवाका लागि हो सो कुरा जनाउनुपर्नेछ र प्रभावित महिलासँगै बालबालिका पनि भए उनीहरुको विवरण समेत खुलाउनु पर्नेछ।

(घ) सम्प्रेषण गर्दा प्रभावित व्यक्तिलाई एक्लै पठाउनु हुदैन्, सामान्यतया एकजना र गम्भीर चोटपटक लागेको भए दुईजनासम्म साथमा लिएर पठाउनुपर्दछ । साथै साथी दिई पठाएका व्यक्तिको विवरण समेत सम्प्रेषण गर्दा खुलाउनुपर्दछ ।

**८. सेवा प्रदान गरिने अवधि:**

(१) आवास गृहमा सेवा लिन आउने हिंसा प्रभावित महिलालाई बढिमा ४५ दिनसम्म खान, बस्नको लागि व्यवस्था गर्न सकिनेछ।

(२) आवास गृहले सेवा लिन आउने महिलाको अवस्था अनुसार निःशुल्क स्वास्थ्य उपचार ,न्यायिक प्रक्रियामा सहयोग पुर्याउने र सल्लाह दिने, मनोसामजिक परामर्श तथा पुनर्स्थापनाको कार्य र मन्त्रालय तथा समितिले तोकेका अन्य कार्यहरु समेत गर्नुपर्नेछ ।

(३) ४५ दिनसम्म प्रभावितको व्यवस्थापन हुन नसकेमा संचालन तथा व्यवथापन समितिलाई जानकारी गराई १५ दिन थप गरी ६० दिनसम्म आवास गृहमा राख सकिनेछ ।

(४) ६० दिनसम्म पनि केन्द्रमा राख्दा पनि जटिल केश व्यवस्थापन हुन नसकेमा अनुगमन तथा ब्यवस्थापन समितिले निर्णय गरेर थप दिन राख्न सकिने छ ।

**९. सेवा र खर्चको मापदण्ड:**
यस कार्यविधि बमोजिम सेवा उपलब्ध गराउँदा देहायका क्षेत्रमा देहाय बमोजिमको मापदण्ड अपनाउनुपर्नेछ:-

**(क) कानूनी उपचार:**

(१) हिंसा प्रभावितहरुको कानूनी उपचारका लागि कानूनी सहायता समिति, वैतनिक वकिल, सरकारी वकिल मार्फत कानूनी उपचारको बन्दोबस्त मिलाउनुपर्नेछ । यस माध्यमबाट कानूनी उपचार गर्न सम्भव नभई निजी कानून व्यवसायी व्यवस्थापन गर्नु परेमा बढीमा पाँच हजार रुपैया खर्च गर्न सकिनेछ ।

(२) उप (१) बाहेक सवारी साधनको भाँडा वापत आते जाते लागेको बिल बमोजिमको खर्च ।

(३) सुरु तहको अदालतमा उप (१) बमोजिमको रकम खर्च भईसकेको अवस्थामा प्रभावितले मुद्दा हारी पुनरावेदन गर्नुपर्ने परिस्थिति सिर्जना भएको र सोको लागि वैतनिक वकिल तथा निःशुल्क कानूनी सहायता प्राप्त हुन नसकेको अवस्थामा पुनरावेदन तहमा निजी कानून व्यवसायी राखी थप रु. पाँच हजार रुपैया खर्च दिन सकिनेछ ।

(४) न्यायिक प्रकृयाको सिलसिलामा न्यायिक निकायको आदेशको परिक्षण गर्नुपर्ने सबै प्रकारका परिक्षणमा लागेको यथार्थ खर्च।

(५) वेवारिसे हिंसा प्रभावित वालवालिकाको उमेर यकिन गर्न उमेर जाँच गराउनुपर्ने अवस्थामा उमेर चेकजाँच गर्न अस्पतालमा लागेको खर्च ।

(६) कानूनी परामर्शदाता आवश्यक परेको बखत उपलब्ध हुन सक्ने गरी व्यवस्था मिलाउनु पर्नेछ।

**(ख) भोजन:**

केन्द्रमा रहेको अवधिभर प्रति हिंसा प्रभावित व्यक्तिका लागि दैनिक तीन सय रुपैयासम्मको खाना तथा खाजा बापत खर्च गर्न सकिनेछ ।

दैनिक खानेकुरामा देहायबमोजिमका खानेकुराहरु समावेश गराउनुपर्नेछ:

(क) बिहान चियासंगै हल्का खाजा

(ख) दिउँसो खाना,

(ग) अपरान्ह खाजा,

(घ) बेलुकी खाना,

(ङ) मांसाहारीका लागि सातामा २ पटक माछामासु तथा साकाहारीका लागि दुध, दहि फलफुल,
(छ) बालबालिकाको हकमा तोकिएको खर्च सिमामा आवश्यक खानाको व्यवस्था हुनुपर्नेछ ।
(ज) शुद्ध खाने पानीको ब्यवस्था

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन,बैतडी सुदूरपश्चिम प्रदेश,नेपाल

**(ग) लत्ता कपडा:**

(१) आवास गृहमा भर्ना भएका प्रत्येक व्यक्तिका लागि आवश्यक ओढ्ने, बिछ्यौना र लत्ता कपडा नभएकालाई एकसरो लगाउने लुगा र एकजोर चप्पलको समेत व्यवस्था गर्नुपर्नेछ ।
(२) उप (१) बमोजिमको व्यवस्था गर्दा केन्द्रमा रहेको अवधिभर प्रति प्रभावितका लागि आवश्यक्ता हेरी मौसम अनुसार लत्ता कपडाको लागि चार हजार रुपैंयासम्म खर्च गर्न सकिनेछ ।

**(घ) मनोसामाजिक परामर्श:**

(१) प्रति हिंसा प्रभावित व्यक्ति वा आश्रीत बालबालिकाहरुका लागि आवश्यक विशिष्ट मनोसामाजिक परामर्श सेवाका लागि तिन हजार रुपैंया ननाध्ने गरी खर्च गर्न सकिने ।
(२) मनोसामाजिक परामर्शकर्ता आवश्यक परेको बेला उपलब्ध हुन सक्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

**(ङ) स्वास्थ्योपचार:**

(१) आवास गृहमा प्राथमिक उपचार बाकसको व्यवस्था हुनुपर्नेछ ।

(२) हिंसा प्रभावितलाई एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) सञ्चालन गरीरहेको अस्पताल वा नजिकको स्वास्थ्य संस्थाबाट आवश्यक स्वास्थ्य उपचार गराउने व्यवस्था मिलाउनु पर्नेछ।
(३) निशुःल्क उपचार हुन नसक्ने अवस्थामा समितिको निर्णयानुसार लागेको खर्च एंव जिल्ला बाहिर प्रेषण गर्नुपर्ने भएमा यातायात खर्च समेत गर्न सकिनेछ ।

**(च) व्यवस्थापन खर्च र जनशक्ति:**

(१) आवास गृह संचालनको लागि आवश्यक पर्ने कार्यालय सामाग्री, विधुत, पानी, टेलिफोन खर्च प्रति महिना तिन हजार रुपैयामा नबढ्ने गरी बिल बमोजिमको यथार्थ खर्च गर्न सकिनेछ ।
(२) आवास गृह सञ्चालनका लागि आवश्यक जनशक्तिको व्यवस्थापन गर्दा समितिको सिफारिसमा १ जना कम्तीमा ६ महिना तालिम प्राप्त मनोविमर्श संयोजक (१), एक जना वार्डेन (श्रेणी विहिन स्तर) र एक जना भान्छे

(श्रेणी विहिन स्तर) गरी जम्मा ३ जना कर्मचारीको व्यवस्थापन गर्न सकिनेछ ।

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल

(३) उप (२) बमोजिमका कर्मचारीलाई एक पटक ६ महिनाका लागि सेवा करारमा नियुक्ति गरिनेछ, उक्त कर्मचारीको कार्य सम्पादन सन्तोषजनक भएमा म्याद थप गर्नुपर्नेछ ।

(४). आवास गृहका कर्मचारीलाई दातृ निकायको निकाय संग समझदरी अनुसार वा नेपाल सरकारबाट स्वीकृत तलब स्केल बमोजिम पारिश्रमिक प्रदान गर्नुपर्नेछ ।

(५) जनशक्ती चयन गर्दा विगतमा आवास गृहमा काम गरिरहेका महिलाहरुलाई प्राथमिकता दिनु पर्नेछ।

(६) आवास गृहकाको आफ्नै भवन नभएको अवस्थामा सम्भव भए सम्म सरकारी भवनमा निशुल्क रुपमा आवास गृह सञ्चालन गर्नका लागि समितिले आवश्यक व्यवस्था गर्नुपर्नेछ। सरकारी भवन उपलब्ध हुन नसक्ने भएमा समितिले निर्णय गरी घर भाडामा लिन सक्नेछ ।

(७) समितिको बैठक खर्च (भत्ता र खाजा खर्च) नियमानुसार गर्न सकिनेछ ।

(८) पालिकाले आफैले आवास गृह सञ्चालन नगरेको भए संचालन गर्न संस्थालाई आवश्यकता अनुसार पेश्कि दिन सक्नेछ। कार्य प्रगतिको आधारमा त्रैमासिक रुपमा मापदण्ड र यथार्थ खर्चका आधारमा संस्थाले पेश्की फछ्र्यौट गर्नका लागि कार्यालयमा पेस गर्नु पर्नेछ ।

**(छ) पुर्नस्थापना तथा पारिवारिक पुर्नमिलन:**

सुरक्षित आवास गृहमा बसेका हिंसा प्रभावित महिलाहरु तथा उनीहरुका बालबालिकाहरुको अवस्था हेरी देहाय बमोजिम परिवार तथा समुदायमा पुर्नमिलन तथा पुर्नस्थापना गराउनेछ:

सुरक्षित आवास गृहमा रहेका महिलाहरुको घर परिवारको पहिचान गरी पुर्व पारिवारिक लेखाजोखा पश्चात पारिवारिक पुर्नमिलन गराउनेछ । पारिवारिक पुर्नमिलन गराउँदा परिवारका सदस्यहरुलाई आवश्यक मनोविमर्श, परामर्श तथा सहजीकरण गरिने छ । सुरक्षित आवास गृहमा रहेका महिला तथा बालबालिकाहरुलाई आफ्नो घरपरिवार तथा आफ्नो समुदायमा पुर्नस्थपित हुनको लागी उत्प्रेरणा प्रदान गर्नेछ र उक्त पुर्नस्थापनाको प्रक्रिया प्रभावितको अनुमति लिएर मात्र गर्नेछ । प्रभावित महिलाको पुर्नस्थापित जीवनलाई सहज बनाउन सम्भव भएसम्म स्थानीय संघ संस्थाहरुसंग सम्पर्क समन्वय गराउन सहजीकरण गरिने छ। सुरक्षित आवास गृहले पुर्नस्थापित महिलाहरुको फलोअप आवश्यकता अनुसार अनिवार्य रुपमा गर्नेछ । यी सबै प्रक्रियाहरुको अभिलेखिकरण गोपनीयता कायम राख्दै पुर्नस्थापना तथा जीविकोपार्जन कार्य गरिने छ ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन,बैतडी
सुदूरपश्चिम प्रदेश,नेपाल

**१०. भौतिक मापदण्ड:**

(१) आवास गृहको परिसर देहायबमोजिम हुनुपर्नेछ-

(क) चारैतिर झट्ट कोही प्रवेश गर्न नसक्ने गरी अग्लो पर्खाल वा तारबारले घेरिएको,

(ख) हाताभित्र आवश्यकता अनुसार केही खुल्ला परिसर रहेको,

(ग) आवागमन नियन्त्रण गर्न सक्ने खालको बलियो प्रवेशद्वार,

(घ) सुरक्षाको दृष्टिले उपयुक्त स्थान।

(२) सेवाकेन्द्रको आवासगृह देहायबमोजिम हुनुपर्नेछ: -

(क) प्रकाश र सम्पातनको राम्रो व्यवस्था भएका कोठाहरु,

(ख) प्रत्येकका लागि छुट्टाछुट्टै खाट,

(ग) प्रभावित बालबालिका लागि छुट्टै बालमैत्री कोठा,

(घ) कार्यालय सञ्चालनका लागी आवश्यक सामाग्री,

(ङ) शौचालय, स्नान गृह, पर्याप्त पानी,

(च) सरसफाईका सामाग्री, भान्सामा प्रयोग हुने आवश्यक भाँडाकुडा

(छ) आवश्यक्तानुसार ठाउँ हेरी पंखा (सीलिंग फयान नलगाउने), हिटर

(ज) अपांगता मैत्री भवन ( चर्पी, रयाम्प, व्हील चियर र स्ट्रेचर)

**११.समन्वय तथा निर्देशन समिति:**

आवास गृह बाट आवास गृहबाट प्रवाह हुने सेवा प्रवाहलाई सरल, सहज बनाई प्रभावितको शीघ्र उद्धार व्यवस्थापन एवम् आवश्यक समन्वय, श्रोत व्यवस्थापन गर्न, सहजिकरण र दिशानिर्देश गर्न देहाय बमोजिमको एक समन्वय तथा निर्देशन समिति रहनेछ ।

(क) संयोजक-नगर प्रमुख- सम्बन्धित पालिकाको आवास गृह

(ख) सदस्य-नगर उप प्रमुख- सम्बन्धित पालिकाको आवास गृह

(ग) सदस्य सचिव- सम्बन्धित पालिकाको महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा

(घ) सदस्य- जिल्ला सम्नवय अधिकारी- जिल्ला सम्नवय समितिको, कार्यालय

(ङ) सदस्य- प्रमुख-सामाजिक विकास कार्यालय

(च) सदस्य- प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय

(छ) सदस्य- प्रमुख, जिल्ला प्रहरी कार्यालय महिला सेल

(य) सदस्य-संयोजक, एकद्वार संकट व्यवस्थापन केन्द्र सदस्य

(ट) सदस्य-अध्यक्ष, जिल्लास्थित पत्रकार महासंघ सदस्य

(ठ) सदस्य-अध्यक्ष, जिल्लास्थित गैसस महासंघ

(ड) सदस्य-प्रमुख, सम्बन्धित आवास गृह वा अल्पकालीन सुरक्षित आवास गृह

नोट: समन्वय तथा निर्देशन समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ तर छ महिनामा कम्तिमा एक पटक बस्नु पर्ने छ । यस समितिमा आवश्यक परेमा अन्य व्यक्ति वा पालिकालाई वा जनप्रतिनिधिलाई आमन्त्रित सदस्यकोरुपमा बोलाउन सकिने छ ।

**१३. आवास गृह संचालन तथा व्यवस्थापन समिति:**

यो समिति पाटन नगरपालिका अन्तर्गतको समिति हुनेछ यस समितिको संयोजन पाटन नगरपालिकाले गर्न छ |

यस समितिको गठन निम्नअनुसार हुने छ |

क. उप प्रमुख- आवास गृह संचालन गर्ने स्थानीय तह

ख. सदस्य-आवास गृह प्रमुख/अध्यक्ष्य

ग. सदस्य सचिव -महिला बालबालिका तथा जेस्थ नागरिक शाखा, पाटन नगरपालिका

घ. सदस्य-स्थानीय वकिल

ङ. सदस्य-महिला तथा बालबालिका सेवा शाखा ( इलाका प्रहरी कार्यालय, पाटन )

च. सदस्य-स्थानीय स्वास्थ्य संस्था

छ. सदस्य-आवास गृह ,मनोविमर्स संयोजक

नोट: यस समितिमा आवश्यक परेमा अन्य व्यक्ति वा पालिकालाई वा जनप्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिने छ ।

**१४. आवास गृह सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:**

दफा १३ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।

(क) हिंसा प्रभावितहरुको अवस्था पहिचान गरी पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापनाको लागि व्यवस्था मिलाउने

(ख) आवास गृह सञ्चालनको लागि आवश्यक पर्ने जनशक्तिको नियुक्ति तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने

(ग) अति विपन्न हिंसा प्रभावितहरुको पहिचान गरि व्यवसाय स्थापनाका लागि वस्तुगत अनुदान उपलब्ध गराउन समन्वय मन्त्रालय समक्ष सिफारिस गर्ने

(घ) अन्य सरोकारवाला निकाय तथा संघसंस्थाहरुसँग र अन्य पालिका संग समन्वय गर्ने ।

(ङ) आवास गृह संचालन सम्बन्धी आय-व्यय चुस्त दुरुस्त राखे ।

(च) मन्त्रालय र समन्वय तथा निर्देशन समितिबाट प्राप्त भएको निर्देशन कार्यान्वयन गर्ने गरिएको मासिक प्रगति प्रतिवेदन तयार गरी स्थानीय तह मार्फत सम्बन्धित निकायमा पठाउने ।

छ) आवास गृहमा आएका जटिल केस/मामिलाको समन्वय गरि व्यवस्थापन गर्ने ।

**१५. अभिलेख व्यवस्थापनः**

आवास गृहले देहाय बमेजिमको अभिलेख राख्नुपर्नेछः

(क) आवास गृहमा आउने सेवाग्राही/ प्रभावित हरुको विवरण अनुसुची २ को ढाँचामा दर्ता किताब

(ख) प्रत्येक हिंसा प्रभावितको व्यक्तिगत फाईल.

(ग) संरक्षित व्यक्तिको हाजिरी किताब.

(घ) समन्वय तथा निर्देशन समितिको निर्णय किताब

(ङ) आवास गृहको आम्दानी र खर्चको यथार्थ विवरण र सो लाई पुष्टी गर्ने कागजात,

(च) स्वास्थ्योपचार, मनोसामाजिक परामर्श, कानूनी सेवा लिएको विवरण.

(छ) कार्यालयलाई अनुसूची ३ बमोजिमको ढाँचामा चौमासिक रुपमा प्रगति विवरण पेस गर्नुपर्नेछ ।

(ज) समितिले तोकेका अन्य विवरण

पाटन नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाटन,बैतडी सुदुरपश्चिम प्रदेश,नेपाल

**१४ बाधा अड्काउ फुकाउनेः** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा आइपरेमा प्रचलित ऐन कानुन बमोजिम कार्यपालिकाको निर्णयबाट बाधा अडकाउ फुकाउन सकिनेछ ।

**१५ प्रचलित कानून बमोजिम हुनेः** अन्य कानूनसँग नबाझिने गरी यस कार्यविधिमा लेखिएका कुराहरुमा यसैबमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ ।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन,बैतडी
सुदूरपश्चिम प्रदेश,नेपाल

## अनुसूची १

## (प्रभावितले सेवाका लागि पेश निवेदनको ढाँचा)

श्री प्रमुख ज्यू
अल्पकालिन सुरक्षित आवश गृह
पाटन नगरपालिका , बैतडी

विषय: आवश्यक सहयोग गरि पाऊ ।

उपरोक्त सम्बन्धमा म हिंसा जोखिममा/प्रभावित भएकाले आवश्यक सहयोगका लागि यो निवेदन पेश गर्दा छु

प्रभावितको नामः उमेर: ठेगाना:
सम्पर्क नम्बरः
हिंसाको किसिमः
हिंसा भएको मिति:
सेवाग्राहीको नामः
पीडक संगको नाता सम्बन्ध :
चाहेको आवश्यक सहयोगः
अन्य केहि भए उल्लेख गर्ने:

हिंसा प्रभावितसँग अन्य व्यक्ति पनि प्रभावित भएका भए संख्या यदि १ भन्दा बढी पटक हिसा भएको भए कति पटक:
पीडकको ठेगाना:
सम्पर्क नम्बरः

--------------------------

सेवाग्राही / प्रभावितको हस्ताक्षर

## अनुसूची २

### (दर्ता किताब ढाँचा)

| दर्ता नं | आएको मिति | सेवाग्राहीको नाम | उमेर | जात/जति | धर्म | बैवाहिक अवस्था | अध्ययन | पीडक संगको नाता | हिंसाको घटना प्रकार | समस्याको विवरण | प्रदान गरिएको सेवा | सिफारिस भइआएको / गरिएको रेफरल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन,बैतडी
सुदुरपश्चिम प्रदेश,नेपाल

**अनुसुची ३ (दफा १२ को खण्ड (ज) सँग सम्बन्धित)**

मासिक तथा वार्षिक प्रगति विवरणको ढाँचा

जिल्लाको नाम:

नगर पालिका:

अल्पकालिन सुरक्षित आवास गृह संचालन गर्ने संस्था: महिना/वर्ष:

| क्र.सं | हिंसाको किसिम | संख्या | गत आ. ब सम्मको संख्या | स्वास्थ्य उपचार प्राप्त गर्ने प्रभावितको संख्या | कानुनी सहायता प्राप्त गर्ने मध्ये अदालतमा दायर गरिएको मुद्धाको संख्या | सीप तालिम प्राप्त गर्ने प्रभावितको संख्या | मनोविमर्श सेवा प्राप्त गर्ने प्रभावितको संख्या | परिवारमा बाहेक समाजमा पुनर्स्थापना भएका प्रभावित हरुको संख्या | आवास गृह मा बास लिएको प्रभावितको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | शारीरिक हिँसा | | | | | | | | | |
| २. | छिटो बिबाह, बालबिवाह तथा जबर्जस्ति बिबाह | | | | | | | | | |
| ३. | स्रोतसाधन र अवसरबाट बन्चित | | | | | | | | | |
| ४. | मानसिक/मनोबैज्ञानिक हिँसा | | | | | | | | | |
| ५. | हानिकारक परम्परागत अभ्यास (बोक्सी आरोप, छाउपडी, देउकी) | | | | | | | | | |
| ६. | बहुविवाह | | | | | | | | | |
| ७. | मानब बेचबिखन (यौन शोषणका लागि) | | | | | | | | | |
| ८. | अन्य प्रकारका हिँसा | | | | | | | | | |

पेश गर्ने:

नाम:

प्रमाणित गर्ने:

पद:

हस्ताक्षर: